याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर

सूचना नं. ०१-२०८०/०८१

मिति:-२०८०।०४।०१

## बिषयः सूची दर्ता तथा अद्यावधिक गर्ने सम्वन्धी सूचना ।

यस गाउँ कार्यपालिकाको कार्यालयको लागि आ.व. २०८०/०८१ मा आवश्यकता भएको बखत मालसामान वा सेवा खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम निरन्तर सूचिकृत हुन सक्ने व्यवस्था भएकाले तपशिल बमोजिमका मालसामान आपूर्ति तथा मर्मत, परामर्श तथा अन्य सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था, फर्म, कम्पनी, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्थाले तोकिएको ढाँचा (सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ 'क') मा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र आवेदन दर्ता गराउनु हुन तथा यस भन्दा अगाडी सुचिकृत सप्लायर्सहरुले मौजुदा सूचीमा अद्यावधिक गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदन उपर छानविन गरी सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । एक भन्दा बढी शिर्षकमा सूची दर्ता गर्नुपरेमा छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ । साथै, रित नपुगी प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुनेछैन ।

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

खरिद/आपुर्ति तथा मर्मत सम्वन्धि

१. स्टेशनरी, मसलन्द, पत्रपत्रिका र कार्यालय सम्वन्धि अन्य सामान आपूर्ति सम्वन्धि
२. छपाइ सम्वन्धि कार्य
३. मेशीनरी औजार (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, फ्याक्स, स्क्यानर, मोबाइल एवं अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान) आपुर्ति तथा सो को मर्मत
४. फर्निचर तथा फर्निसिङ सामानको आपूर्ति तथा मर्मत सम्वन्धी
५. सवारी साधन (दुइ पांग्रे, चार पांग्रे) आपुर्ति, पार्टपुर्जा तथा मर्मत सम्वन्धी
६. सार्वजनिक निर्माण तथा मर्मत (धारा, विजुली, शौचालय समेत) एवं रंगरोगन सम्वन्धि
७. सोलार जडान आपुर्ति तथा सो को मर्मत सम्वन्धि
८: कृषिजन्य बोटबिरुवा, जडिबुटी, बिषादी, मल, औषधि संबन्धि, पशुजन्य जनावर, पंक्षि, औषधि संबन्धि
९. स्थानीय सञ्चार माध्यममार्फत सूचना तथा सन्देश प्रसारण सम्वन्धी
१०. इन्टरनेट सेवा, वेवसाइट तथा नेटवर्किङ सम्वन्धि सेवा आपुर्ति

परामर्श तथा अन्य सेवा तर्फ:

१. कम्प्युटर/सूचना प्रविधि सम्वन्धि तालिम, सफ्टवेयर निर्माण/ईमेल/ईन्टरनेट/एसएमएस आपुर्ति सम्वन्धि सेवा
२. DPR, Master Plan (भवन, सडक लगायत अन्य), तालिम, सिप बिकास तथा गोष्ठि, सेमिनार सञ्चालन गर्ने
३. विज्ञहरुको परामर्श सेवा (प्रोफाइल, गुरुयोजना संवन्धि)

आवश्यक कागजातहरु :

१. नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३. आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. आवश्यकता अनुसारको व्यावसायिक इजाजत पत्र

....................

# (संस्था, फर्म, कम्पनीको लेटर हेड)

पत्र सङ्ख्याः- मितिः-

च.नं.:- [redacted]

श्री कार्यालय प्रमुख ज्यू
याङवरक गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर ।

विषयः **मौजुदा सूचीमा दर्ता गरी पाउँ ।**

प्रस्तुत विषयमा त्यस कार्यालयको मिति २०८०।०४।०१ को सूचना बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशीलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

| | | | |
|---|---|---|---|
| १. मौजुदा सूचीको लागि निवेदन दिन व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | | | |
| (क) नामः | | ठेगानाः | |
| (ग) पत्राचार गर्ने ठेगानाः | | (घ) मुख्य व्यक्तिको नामः | |
| (ङ) टेलिफोन नं. | | (च) मोबाईल नं.: | |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | | | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ख) नवीकरण गरिएको छ ☐ छैन ☐<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुने निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐ | | | |
| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरणः | | | |
| (क) मालसामान आपूर्तिः | | (ख) निर्माण कार्य | |
| (ग) परामर्श सेवाः | | (घ) अन्य सेवाः | |
| निवेदन दिएको मितिः | फर्मको छापः | निवेदकको नामः<br>हस्ताक्षरः | |

सुमन सिद्धेन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत